जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २३१ २०८१ साल बैशाख ६ गते बिहीबार (18 Apr. 2024 Thursday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिशोध होइन, न्यायको.. ३ पृष्ठमा : सहकारी ठगीमा मेरो ... ३ पृष्ठमा गाजाको शरणार्थी शिविरमा आक्रमण ...

## राम नवमीको अवसरमा शोभायात्रा

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

मर्यादा पुरुषोत्तम भगवान श्रीरामको जन्मदिनको अवसरमा बुधवार राजविराज ६ स्थित राम मन्दिरमा विषेश पूजा अर्चना गरिएको छ ।

वडा वडाबाट बाजा गाजा, लाबालस्करसहित आएका श्रद्धालुले पूजा आजा पछि नगरमा शोभायात्रा समेत लिकालेका छन् ।

रामसीताको दर्शन गर्न हजारौ श्रद्धालु मन्दिर परिसरमा भेला भएपछि बाजा गाजासहित शोभायात्रा निकालिएको थियो । सो क्रममा सहभागीहरुद्वारा लगाइएको "जय श्रीराम"को नाराले नगर गुञ्जयमान बन्यो ।

रामनवमीका अवसरमा जिल्लाका अन्य पालिका स्थित राम मन्दिरहरुमा समेत विहानै देखी दर्शनार्थी भक्तजनको घुईचो देखिन्थ्यो ।

भगवान रामले मानव जीवनलाई सत्यको मार्गमा लाग्ने प्रेरणा दिएको भन्दै उनको श्रद्धा र सम्मानमा





जन्मदिनलाई रामनवमी पर्वको रुपमा मनाउन थालिएको धार्मिकग्रन्थमा उल्लेख छ । यसैबीच राजविराज जेसीजले सो अवसरमा शोभा रथ यात्रामा सहभागी श्रद्धालु भक्तजनहरूलाई ग्लुकोच पानी वितरण गरेको छ ।

निकालिएको उक्त शोभा यात्रामा सहभागी २ सय २० जनालाई ग्लुकोच पानी वितरण गरिएको कार्यक्रम संयोजक सौरभ सिंहले जानकारी दिएका छन् । जेसीजको आस्ता पाठामा उल्लेख रहेको वाक्यांश "मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो" लाई सार्थकता दिनको लागि यो कार्यक्रम आयोजना गरिएको थियो ।

## राजविराजमा गजेन्द्र स्मृति भवन तथा संग्रहालय निर्माण हुने



**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले स्व. नेता गजेन्द्र नारायण सिंहको जन्मजयन्तीको अवसरमा राजविराजमा "गजेन्द्र स्मृती भवन तथा संग्रहालय" स्थापना हुने जानकारी दिएका छन् ।

सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका अध्यक्ष डा. राउतले बुधबार आफ्नो सामाजिक संजालमा एक स्टाटस सार्वजनिक गर्दै शहरी

*बाँकी तीन पृष्ठमा*

## रामनवमीको अवसरमा बिराटनगर झडप

**दैनिक समाचारदाता**
**बिराटनगर, ५ बैशाख ।**

विराटनगरस्थित रानीमा हिन्दु र मुस्लिम समुदायबीच झडप भएको छ । झडपमा परी ९ प्रहरीसहित दुवैपक्षका घाइते भएको र यकीन विवरण संकलन गरिरहेको मोरङका प्रहरी प्रमुख एसपी नवराज कार्कीले बताए ।

रामनवमीको अवसरमा हिन्दु समुदायले ¥याली निकालेका थिए । उक्त ¥याली रानीमा मुस्लिम समुदायको बस्तीतर्फ अगाडि बढेपछि उनीहरुले प्रतिकार गरेका थिए ।

यसअघिका वर्षमा यसरी आफ्नो समुदायमा हिन्दुले ¥याली

*बाँकी तीन पृष्ठमा*

## सार्वजनिक जग्गा खाली गर्न गाउँपालिकाको आग्रह




**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाले पालिका भित्र अतिक्रमण गरिएको सार्वजनिक जग्गा खाली गर्न आग्रह गरेको छ ।

पालिका अध्यक्ष विद्यानन्द चौधरीले एक सुचना जारी गर्दै ३५ दिन भित्र जग्गा खाली गर्न अनुरोध गरेका छन् ।

जारि सूचनामा 'अतिक्रमण गरिएका सार्वाजानिक ऐलानी जग्गा, पर्ती, गौचर, पोखरी, पोखरीको डिलहरु र गाउँ टोलहरुमा कब्जा गरिएका बाटो घाटोहरु खाली गराउने गाउँ सभा तथा कार्यपालिकाको निर्णय भएको हुँदा उक्त निर्णय कार्यन्वयन गर्न/गराउन आग्रह छ', उल्लेख छ ।

'२०८० साल फाल्गुन ९ गते नेपाल सरकार गृह मन्त्रालयबाट जारि गरिएको विज्ञप्तिले कसैको निजि हक दर्ता भोगचलनमा रहेको बाहेकको सार्वजानिक एवं सरकारी स्वामित्व रहेको ऐलानी, संधिसर्पण, गौचरण घाट आदि जग्गाहरु कानुन विपरित कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उदेश्य वा प्रयोजनको लागी कुनै संस्थाको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेका वा जिम्मा दिएका सार्वजानिक र सरकारी जग्गाहरु बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजि रुपमा दर्ता गरेको, दाखिला खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लामो समय सम्म नियन्त्रण बाहिर रहने गरी लिजमा दिएको वा उदेश्य विपरीत निजि कायम गरी गराई दुरुपयोग गरेको पाईएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानुन

*बाँकी तीन पृष्ठमा*

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- कानुनी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रतिशोध होइन, न्यायको आशमा छन् द्वन्द्वपीडित

**प्रकाश सिलवाल**

काठमाडौँ, ५ वैशाख (रासस)। "मलाई यो कुरा पटक-पटक नसम्झाइदिए हुन्थ्यो।" सशस्त्र द्वन्द्वकालीन समयका पीडितहरू ती घटना सम्झँदा अहिले पनि भावुक हुन्छन्। विसं २०५८ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) को आन्दोलनमा जोडिन पुगेका गोरखाका कुमार ढकाल नेपाली सेनाको हिरासतमा परेपछि अहिलेसम्म बेपत्ताको सूचीमा छन्।

बीस वर्षसम्म छोराको अत्तोपत्तो नभएपछि ८५ वर्षीय पिताले आश मारेर आफ्नो जीवन छँदै कुमारको अन्त्येष्टिसहितका संस्कारका कार्य होस् भन्ने चाहना राखेपछि उनका दाइ रामबाबुले पिताको इच्छा पूरा गरिदिए। कानुनीरूपमा कुमारको स्थितिबारे कुनै पुष्टि नभए पनि परिवारले अन्त्येष्टि गरेपछि वार्षिक श्राद्ध गर्न तथा सम्पत्ति हस्तान्तरण आदि गर्न भने बाटो खुलेको छ।

यस्तै, नुवाकोटकी विमला रिमालले सशस्त्र युद्धकालमा आफ्ना पति नवराज रिजाल प्रहरीमा कार्यरत रहँदा बेपत्ता भई हालसम्म पत्तो नभएको स्थितिमा विभिन्न निकाय र सरोकार भएका संस्थामा पुगेर न्यायका लागि आग्रह गर्दै आउनुभएको छ। तत्कालीन विद्रोही पक्षबाट पति बेपत्ता बनाइएपछि आफू एकल भएर काठमाडौँमा चालक सहयोगी भएर साना दुई सन्तानलाई हुर्काउँदा राज्य र समाजबाट कुनै सहयोग नपाइएको उहाँको दुःखेसो छ।

यी त केही प्रतिनिधि पात्र मात्र हुन्। द्वन्द्वपीडित महिला सञ्जालका अध्यक्ष सिर्जना श्रेष्ठ द्वन्द्वकालका पीडित परिवारका यस्ता कथाव्यथा अनगिन्ती रहेको जनाउँदै यस्ता घटनामा प्रतिशोध साँध्ने मनसायमा आफूहरू नरहेको बरु सत्य, तथ्य पत्ता लागोस् र कानुनबमोजिम न्याय निरुपणका साथै आगामी दिनमा यस्ता घटना नदोहोरियोस् भन्ने चाहेको बताउनुहुन्छ। द्वन्द्वपीडित विभिन्न सञ्जालले शान्तिपूर्ण धर्ना, विभिन्न दबाब र वकालतका माध्यमबाट आफूहरूलाई न्याय दिन माग गर्दै आएका छन्।

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूले द्वन्द्व र त्यसपछिको संक्रमणकालीन अवस्थामा महिला र बालिकाको अधिकारको सुरक्षाका साथै महिला हिंसा रोकथाम गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ। संविधानले लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक, धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक, समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरेको छ।

नेपाल सरकारबाट द्वन्द्वकालीन समयका घटनाहरूको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका विविध पक्षमा सरकारसमक्ष सिफारिस गर्न 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएका थिए। द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि ती आयोग गठित भएका थिए। कानुन संशोधनको अभावमा अहिलेसम्म आयोग गठनका ती उद्देश्यपूर्ति हुन सकेको छैनन्। ऐनमा तेस्रो पटक संशोधनका लागि प्रतिनिधिसभामा २०७९ फागुन २५ गते विधेयक दर्ता भएको थियो। विधेयकमा सशस्त्र द्वन्द्वकालमा 'गम्भीर मानवअधिकारको उलङ्घन' भन्नाले कस्तो अवस्थालाई मान्ने तथा पीडित वा पीडकले मेलमिलापका लागि निवेदन दिएमा मेलमिलाप गराउने वा मुद्दा चलाउने भन्नेबारेमा दलहरूबीच विवाद कायमै देखिएको छ।

सो विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेको छ। समितिको उपसमितिले विधेयकमाथि गत असोज २० गते प्रतिवेन बुझाइसकेको छ। विधेयकमा मिल्न बाँकी मुख्य विषयमा अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र पीडितकेन्द्रित भएर सम्बोधन निकाल्न संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरसको नेपाल भ्रमणका समयमा पनि उच्च राजनीतिक तहमा छलफल भएको थियो तर दलहरू सहमतिमा पुगेका छैनन्। सहमति हुन नसके मतदानबाट भए पनि विधेयकलाई पारित गर्नुपर्ने अधिकारकर्मीको भनाइ रहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले तिनै आधारमा विधेयकमा सहमति जुटाउन प्रमुख दलका नेताहरूसँग विभिन्न चरणमा छलफल गर्दै आउनुभएको छ।

सरकार र तत्कालीन विद्रोही माओवादीबीच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भए पनि हालसम्म सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा ढकाल, रिजाल परिवारजस्ता द्वन्द्वपीडित परिवार सङ्गठित हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आफ्ना आवाज प्रस्तुत गर्न विवश भएका छन्। उही पीडाका कुरा पटक पटक उठाउँदा उनीहरू थकित हुन थालका छन्। अर्कातिर यस क्षेत्रमा काम गर्ने सरकारी र गैह्रसरकारी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीले विभिन्न प्रश्नावली अगाडि तेर्साउँदा उनीहरूलाई पीडामाथि पीडाको अनुभूति हुने गरेको छ।

कानुन संशोधनको अभावमा बेपत्ता व्यक्तिहरूको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारीबिहीन छन्। भर्खरै सरकारले यी दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रक्रिया अघि बढाएको छ। ती आयोगलाई पर्याप्त अख्तियारी, जनशक्ति र कारबाहीको स्पष्ट प्रक्रियाको अभाव रहेको छ। सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६३ हजार सात सय १८ र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगमा दुई हजाार पाँच सय उजुरी दर्ता भएका छन्।

'नेपालको सङ्क्रमणकालीन अवरोध र आगामी बाटो' विषयक 'साथी' संस्थाले हालै गरेको एक अध्ययनले द्वन्द्व प्रभावितहरूका विविध समस्या र समाधानको उपाय सिफारिस गरेको छ। 'ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्स' ( जिएनडब्लुपी) सँगको सहकार्यमा अध्ययनले शान्ति सम्झौता भएको १८ वर्षसम्म सङ्क्रमणकालीन न्यायले टुङ्गो पाउन नसक्दा पीडितहरूमा थकान अनुभूति भइसकेको, राजनीतिप्रतिको विश्वास कमजोर भएको र पीडितमाथि पीडा दिने कार्य भएको उल्लेख गरिएको छ।

अध्ययनले संक्रमणकालीन न्याय संयन्त्र र महिला, शान्ति र सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूबीचका सम्बन्धको विश्लेषण गरी नेपालको समग्र संक्रमणकालीन न्याय प्रक्रियाप्रति द्वन्द्वपीडितको धारणा, वास्तविकता र अपेक्षाहरूको मूल्याङ्कन गरेको छ। अनुसन्धानले वास्तविक द्वन्द्वपीडितको उचित पहिचान सुनिश्चित गर्ने र सरकारले मान्यता प्राप्त परिचयपत्र वितरण गर्ने महत्वलाई जोड दिएको छ।

साथै द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाका लागि अन्तरिम राहत र प्रभावकारी उपचारको सुनिश्चतता गर्न सुझाएको छ। खासगरी द्वन्द्व सम्बन्धित यौन हिंसासम्बन्धी मुद्दा दायर गर्न तीन महिनाको वैधानिक सीमा बढाउन सिफारिस गरेको छ। अनुसन्धानका टोली प्रमुख एवं राष्ट्रसङ्घीय सिड कमिटीका सदस्य वन्दना राणा अध्ययनका निचोडलाई गम्भीरतापूर्वक

*बाँकी तीन पृष्ठमा*

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं!
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
डाक्नेश्वरी नगरपालिकाको कार्यालय, पातो, सप्तरी

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सहकारी ठगीमा मेरो संलग्नता छैन : गृहमन्त्री लामिछाने

काठमाडौं ५ वैशाख (रासस) ।
उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले सहकारी ठगी प्रकरणमा आफ्नो कुनै पनि संलग्नता नभएको बताउनुभएको छ ।
रुपन्देहीको सुप्रिमो सहकारी ठगी प्रकरणमा सार्वजनिक समाचारका विषयमा गृहमन्त्री लामिछानेले मंगलबार सामाजिक सञ्जालमार्फत उक्त प्रकरणमा आफ्नो सहभागिता अस्वीकार गर्नुभएको हो ।
उहाँले आफ्नो नाममा नक्कली खाता खोलेर ऋण प्रवाह भएको जनाउँदै आफूले ऋण नलिएको र व्यक्तिगत खातामा सहकारीको पैसा नआएको दाबी पनि गर्नुभएको छ ।
उहाँले अनुसन्धानले देखाएअनुसार उक्त ऋण खाता खोल्दा नागरिकता, ऋण माग गरेको फारम, तिनपुस्ते विवरणलगायतका कुनै विवरण नभएको तथा ल्याप्चे, हस्ताक्षरसमेत नभएको पनि बताउनुभएको छ ।
उहाँले के जीबी राईका सारा बदमासीको ठेक्का मैले लिनुपर्ने हो ? भन्दै प्रश्न पनि गर्नुभएको छ । उहाँले गोरखा मिडिया नेटवर्क प्रालिमा तत्कालीन समयमा शेयरधनी रहेकोबाहेक अरु केही नभएको जानकारी गराउँदै अभियोगपत्रमा पनि सोही कुरा उल्लेख भएको दाबी गर्नुभएको छ ।
उहाँले सहकारी ठगी कार्यमा कहीँकतैबाट नजोडिएको र नदेखिएको तथ्य पुष्टि हुँदाहुँदै प्रहरीको अनुसन्धान र अदालतमा विचाराधीन मुद्दालाई प्रभावित पार्ने कार्यमा नलाग्न पनि अनुरोध गर्नुभएको छ ।

### प्रतिशोध होइन ...

मनन गरी राजनीतिक दलका नेता र सांसदले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई छिटो टुङ्गो लगाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले अध्ययनको नतिजाले सरोकारवालालाई यसका बाधाहरूबारे चिन्तन गर्न र सिफारिसमा विचार गर्न प्रेरित गर्नाका साथै सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन, पीडित र राज्यका संयन्त्रका लागि विजयी अवस्था सिर्जना गर्न र अन्ततः देशमा दिगो शान्ति कायम गर्न मद्दत गर्ने बताउनुभयो ।
सङ्क्रमणकालीन न्यायका अध्येता चिरञ्जीवी भण्डारीले राजनीतिक इच्छाशक्ति, आपसी विश्वास, सुरक्षा, स्रोतसाधन, पारदर्शी सोच, पीडितकेन्द्रित भावना, विज्ञता अभाव आदि कारणले यो विषय लामो समयसम्म टुङ्गो लाग्न नसकेको बताउनुभयो । "न्यायलाई टुङ्गोमा लान पीडितहरू क्षमादान गर्न पनि तयार हुन सक्छन् ।" भण्डारीले भन्नुभयो, "तर उनीहरू घटनालाई पूरै बिर्सना या यत्तिकै छाड्न तयार छैनन् ।" यस्तै अनुसन्धानकर्ता तृष्णा थापा पीडितहरूमा निराशाको तह धेरै भए पनि उनीहरूमा न्यायको आशा मरिनसकेकाले राजनीतिक नेतृत्वबाट यस पक्षको सम्बोधन हुनुपर्ने बताउनुहुन्छ ।
संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले पारित गरेका प्रस्तावहरू १३२५ र १८२० ले उल्लेख गरेका महिला, शान्ति तथा सुरक्षासम्बन्धी सवाल सम्बोधन गर्न नेपाल सरकार गृह मन्त्रालयले दोस्रो राष्ट्रिय कार्ययोजना तर्जुमा गरेको छ । विशेषगरी महिलाले द्वन्द्वको मारमा महिला र बालबालिका बढी पर्ने भएकाले हिंसामा परेका, परिवार गुमाएका, जनजीवन र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएकाहरूलाई यो कार्ययोजनाले समेटेको छ । यी प्रस्तावले निवारण, सहभागिता, संरक्षण, राहत तथा पुनर्लाभका क्षेत्रहरू अँगालेको छ । नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचना समेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को ल्याइएको गृह मन्त्रालयले जनाएको छ ।
राष्ट्रसङ्घको सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढंगले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गरेको छ । यस्तै प्रस्ताव नं. १८२० ले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई द्वन्द्वरत पक्षहरूले सैन्य वा राजनीतिक उद्देश्य पूरा गर्न युद्ध-नीतिका रूपमा प्रयोग गर्ने र त्यसले दण्डहीनता निम्त्याउने सवाललाई सम्बोधन गर्न निर्देश गरेको छ ।
ती प्रस्तावको कार्यान्वयनका क्रममा द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको निवारण, शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता र लैङ्गिक समानता अहिलेको चासो हो । द्वन्द्वको अवस्थामा महिला तथा किशोरी सबै प्रकारका यौन र लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षित गरी द्वन्द्वपछि राहतसम्बन्धी महिलाका खास आवश्यकता पूरा गर्न नेपाल सरकार, गृह मन्त्रालयले बनाएको कार्ययोजनामा रहेका कार्यनीतिको स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुने हो भने सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन पनि टेवा पुग्नेछ ।

### राजविराजमा गजेन्द्र...

विकास मन्त्रालयबाट "गजेन्द्र स्मृति भवन तथा संग्रहालय" स्थापनाको लागि परियोजना ल्याइएको र टेन्डर निकालेर सो निर्माण शुरू हुने क्रममा रहेको जानकारी दिएका छन् ।
सो स्टाटसमा अध्यक्ष डा. राउतले २०८० साल फागुन २२ गते सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले ८५ लाख ६० हजार ५ सय ६३ रुँपैया ५४ पैसा बराबरको बोलपत्र आह्वानको सूचना समेत जारि गरेको उल्लेख गरेका छन् ।
त्यस्तै राजबिराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परबिन र प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरूङको पहलमा राजविराज वडा नं. २ स्थित तत्कालिन स्मृती भवनकै छेउमा सो जग्गा उपलब्ध गराइएकोप्रति उनले दुवै जनालाई धन्यवाद समेत दिएका छन् ।

### सार्वजनिक जग्गा ..

बमोजिम कारबाही गरी पूर्ववत सरकारी, सार्वजानिक, संधिसर्पण ऐलानी आदि रुपमा कायम गर्ने प्रयोजनको लागी सो सम्बन्धि सत्य तथ्य सुचना सहितको विवरण संकलन गरी गृह मन्त्रालय पठाउन र त्यस्तो कार्य गर्ने उपर प्रचलित कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाउनका लागी सम्बन्धित स्थानीय तह सरोकारवाला निकाय संग समन्वय गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई समेत पत्राचार गरिएको हुँदा सो को समेत कार्यान्वयन गराउने गरी जग्गा खाली गराउने भएकोले यो सुचनाको ३५ (पैतीस) दिन भित्र खाली गरी सहयोग गरिदिनुहुन अनुरोध छ,' जारी सुचनामा भनिएको छ ।
तोकिएको समय भित्र अतिक्रमण गरिएका जग्गाहरु खाली नगरिए कानुन बमोजिम कारबाही गर्ने अध्यक्ष चौधरीले जानकारी दिए ।

### रामनवमीको ...

नल्याएको यसवर्ष किन ल्याउनु पर्यो भन्दै मुस्लिम समुदायले ऱ्याली रोक्न खोजेपछि झडप भएको हो ।
तीन ठाउँमा झडप हुँदा ९ जना प्रहरी र दुवै समुदायका व्यक्तिहरु घाइते भएका छन् । झडप नियन्त्रणमा लिन प्रहरीले २७ राउण्ड अश्रुग्यास र हवाइ फायर गरेको छ ।


विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं !




जनहितका लागि जारि सन्देश
छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी


## विश्व समाचार

### गाजाको शरणार्थी शिविरमा आक्रमण : सात बालबालिकासहित १३ जनाको मृत्यु

गाजासिटी (इजरायल), ५ वैशाख (रासस/एएनआई) ।
मध्यगाजाको अल-मघाजी शरणार्थी शिविरमा मङ्गलबार भएको आक्रमणमा सात बालबालिकासहित १३ जनाको मृत्यु भएको छ ।
आक्रमणमा २५ जनाभन्दा बढी घाइते भएको अल-अक्सा शहीद अस्पताल अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।
प्रत्यक्षदर्शी निहाद ओवादेतल्लाहबाट प्राप्त भिडियोमा आक्रमणपछि धेरै मृत मानिसहरु भुइँमा लडिरहेको देखाएका थिए । यसैगरी धेरै मानिस आतङ्कित भएर वरिपरि दौडिदै चिच्याइरहेका छन् र शवको व्यवस्थापन गर्न लागिरहेका देखिन्छन् ।
सिएनएनसँग कुरा गर्दै शिविरमा बस्ने ओवेदातल्लाहले आफ्नो शिविरबाट ३०-४० मिटर टाढा विस्फोट भएको बताउँदै आक्रमणपछि भुईमा फ्याँकिएको शव फेला पारको तथा मानिस चिच्याइरहेका बताउनुभयो ।
अल-अक्सा शहीद अस्पतालबाट सिएनएनबाट खिचिएको फुटेजमा आकस्मिक कक्ष हताहत र घाइते व्यक्तिले भरिएको देखिन्छ । सिएनएनको रिपोर्टअनुसार परिवारका सदस्य आफ्ना प्रियजनको शव नजिक जम्मा भइरहेका थिए, तिनीहरूलाई समातेर रोइरहेका थिए । अस्पतालको भिडियोमा परिवारले आफ्ना प्रियजन पहिचान गर्ने प्रयास गरिरहेको देखिन्छ ।
"कसैसँग कुनै सम्बन्ध छैन, उनीहरू नागरिक हुन् कृपा गर तिमीहरूले बच्चाहरूलाई मार्देछौं, सेना वा लडाकुलाई नभई सडकमा शान्तिपूर्वक खेलिरहेका बालबालिकाहरूलाई मार्देछौ ।" अर्का प्रत्यक्षदर्शीले भन्नुभयो
अस्पताल बाहिर, मानिस प्रियजन गुमाएको पीडा सहन नसकी कराउँदै दुःखका साथ दर्जनौं मानिसले मृतकलाई गाड्नु अघि आँगनमा प्रार्थना गरेका थिए । इजरायल र हमासबीच अक्टोबरमा युद्ध सुरु भएदेखि गाजामा दश हजारभन्दा बढी महिला मारिएको मङ्गलबार प्रकाशित युएन वुमनको रिपोर्टमा उल्लेख छ ।
रिपोर्टमा युद्धको छ महिनामा गाजामा दश हजार प्यालेस्टिनी महिला मारिएकामध्ये अनुमानित छ हजार आमा मारिँदा १९ हजार बालबालिका अनाथ भएको सिएनएनले जनाएको छ ।
प्रतिवेदनका अनुसार द्वन्द्वका कारण गाजा पट्टीमा दस लाखभन्दा बढी प्यालेस्टिनी महिला तथा बालबालिका खाना, पिउने पानी नभएका कारण 'विनाशकारी भोकमरी'को सामना गरिरहेका छन्, जसले उनीहरूको जीवनलाई थप जोखिममा पार्ने खतरा सिर्जना गरेको छ । उनीहरूले शौचालयको पहुँचसमेत पाएका छैनन् । गाँजामा पछिल्लो समयमा प्रत्येक दस मिनेटमा एक बच्चा घाइते वा मृत्यु हुन्छ ।
यसैबीच इजरायली रक्षा बलले गाजामा नागरिकको क्षति कम गर्ने प्रयास गरिरहेको बताएको छ ।

### नासाले मंगल ग्रहका नमूनाहरू फिर्ता गर्न नयाँ डिजाइन खोज्ने

लस एन्जलस, ५ वैशाख (रासस/सिन्ह्वा) ।
अमेरिकी अन्तरिक्ष संस्था (नासा)ले मङ्गल ग्रहबाट पृथ्वीमा मूल्यवान नमूनाहरू (सेम्पल) फिर्ता गर्न नवीन डिजाइनहरू खोजिरहेको छ ।
मंगल ग्रहबाट नमूना फिर्ता विगत दुई दशकदेखि अन्तर्राष्ट्रिय ग्रह अन्वेषणको दीर्घकालीन लक्ष्य हो ।
सन् २०२१ मा मंगल ग्रहमा अवतरण गरेदेखि नै नासाको 'पर्सेभेरेन्स रोभर' (नासाको चलिरहेको मंगल सन् २०२२ मिशनको एक भाग को रूपमा मंगल ग्रह मा अवतरण गर्नका लागि नवीनतम रोबोटिक अन्वेषक)ले पछिको सङ्कलन र पृथ्वीमा फर्किनका लागि नमूना सङ्कलन गरिरहेको छ ।
हालको 'मिसन डिजाइन'ले सन् २०४० सम्ममा सबै नमूनाहरू फिर्ता गर्ने नासाले जनाएको छ । नासाले कम लागतमा मुख्य नमूनाहरू पृथ्वीमा फर्काउने महत्वाकांक्षी लक्ष्य हासिल गर्न र प्रविधिको लाभ उठाउने योजनाको विकासमा काम गर्न आग्रह गरिरहेको छ ।
नासाले चाँडै नै उद्योगबाट वास्तुकला प्रस्तावहरू माग गर्ने बताएको छ, जसले सन् २०३० सम्ममा नमूनाहरू फिर्ता गर्न सक्नेछ । यसले लागत, जोखिम र मिसनको जटिलता कम गर्छ ।
नासाका प्रशासक बिल नेल्सनले सुरक्षित अवतरण र नमूनाहरू सङ्कलन र अर्को ग्रहबाट नमूनाहरू लिएर रकेट प्रक्षेपण गर्ने सानो काम नभएको बताउँदै आफूले अगाडिको बाटो खोज्न नयाँ विकल्प सोच्नुपर्छ भन्नुभयो ।

### पाकिस्तानमा वर्षाजन्य दुर्घटनामा ७१ को मृत्यु, ६७ घाइते

इस्लामावाद, ५ वैशाख (रासस/सिन्ह्वा) ।
भारी वर्षासहितको मौसमी विचलनले शनिबारदेखि पाकिस्तानका विभिन्न क्षेत्रमा विनास मच्चाएको छ । विनासका कारण ७१ जनाको मृत्यु हुनुका साथै ६७ जना घाइते भएको एक अधिकारीले बुधवार सिन्ह्वालाई बताएका छन् ।
राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अधिकारीका अनुसार उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्र बन्यो, जहाँ घटनाका कारण ३२ जनाको ज्यान गएको थियो ।
अधिकारीका अनुसार खैबर पख्तुनख्वामा मृतक मध्ये १५ जना बालबालिका र पाँच महिला छन् । घाइते हुनेमा ४१ जना रहेका छन् भने एक हजार तीन सय ७० घरहरू क्षतिग्रस्त भएका छन् ।
यसैगरी पूर्वी पन्जाब प्रान्तमा २३ जनाको ज्यान जानुका साथै सात जना घाइते भएका छन् । दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा आठ जनाको मृत्यु भयो भने अन्य आठ जना घाइते भएको अधिकारीले बताए ।
कश्मीरमा भारी वर्षाका कारण कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै ११ जना घाइते भएका छन् भने ४७ वटा घरहरू ध्वस्त भएका छन् ।

# पहिलो दिन युथ एकेडेमी र रुपनी राइडर्सलाई सफलता



**दैनिक समाचारदाता राजविराज, ५ बैशाख ।**

जिल्लास्तरीय “ए” डिभिजन लिग टि-ट्वाईन्टी क्रिकेट प्रतियोगिता बुधवार देखि सुरु भएको छ ।

राजविराज स्थित पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले ब्याटिङ्ग तथा वडा अध्यक्ष राम एकवाल यादव र शशी चौधरीले क्रमशः बलिङ्ग र विकेट किपिङ्ग गर्दै उदघाटन गरेका छन ।

सो अवसरमा कार्यवाहक प्रमुख परवीनले खेलकुदको विकासका लागी आफुले साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता जनाईन । प्रतियोगितको पहिलो एक पक्षिय खेलमा युथएकेडेमी क्रिकेट क्बल राजविराजले तिलाठी कोईलाडी क्रिकेट टिमलाई ७ विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ्ग रोजेको तिलाडी कोइलाडी क्रिकेट टिम ५ ओभर मै ३४ रनको झिनो स्कोरमा समेटिएको थियो । जवाफी ब्याटिङ्गमा उत्रेको युथएकेडेमी क्रिकेट क्लब ९ दशमलव ३ ओभरमा ३ विकेट गुमाउदै विजय लक्ष्य प्राप्त गऱ्यो ।

बुधवार नै सम्पन्न दोश्रो खेलमा रुपनी राइडर्सले कंचनरुप क्रिकेट क्लबलाई ६ विकेटले पराजित गर्दै विजयी थालनी गरेको छ । टस जितेर ब्याटिङ रोजेको कंचनरुप क्रिकेट क्लबले निर्धारित २० ओभरको खेलमा ४ विकेट गुमाउँदै १ सय १७ रन बनाएको थियो ।

प्रत्यउत्तरमा १ सय १८ रनको बिजय लक्ष्य लिएर मैदानमा ओर्लेको रुपनी राइडर्सले ४ विकेटको क्षतिमा बिजयी लक्ष्य प्राप्त गरेको थियो ।

क्रिकेट विकास प्रतिष्ठान राजविराजको आयोजनामा संचालित प्रतियोगितमा युथ एकेडेमी, सबल नेपाल, राजदेवी राईजिङ्ग क्बल, रुपनी राईडस, बजाज खडक यङ्ग एलेवन, माँ काली छिन्नमस्ता क्लब, बाईइसी कंचनरुप क्रिकेट क्लब र तिलाठी कोईलाडी क्रिकेट क्लब गरी कुल ९ टिमको सहभागिता रहेको प्रतिष्ठानका अध्यक्ष इन्जिनीयर इन्द्र नारायण देवले जानकारी दिए ।

प्रतियोगिता बैशाख १२ गते सम्म चल्नेछ । यस अघि प्रतिष्ठानका अध्यक्ष इ.देवको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा प्रमुख अतिथी कार्यवाहक नगर प्रमुख परवीन, वडाअध्यक्षद्वय राम एकवाल यादव, शशी चौधरी, नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरी, एम्पायर संघका अध्यक्ष निरज कुमार सिंह, क्रिकेटका प्रशिक्षक [illegible]न्द चौधरी, जिल्ला क्रिकेट संघका सदस्य शम्भू दास लगायतले शुभकामना दिएका थिए ।

# मधेस प्रदेशका मुख्यमन्त्री यादवले लिए विश्वासको मत

जनकपुरधाम, ५ वैशाख (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले चौथो पटक विश्वासको मतप्राप्त गर्नुभएको छ ।

मङ्गलबारको प्रदेशसभा बैठकमा प्रतिपक्षी दलहरूले बैठक बहिष्कार गरे पनि सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री यादवको विश्वासको मतसम्बन्धी प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्तावको पक्षमा ६१ मत परेको छ ।

एक सय सात सदस्यीय प्रदेशसभामा प्रतिपक्षी दलहरू नेपाली कांग्रेस, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले बहिष्कार गरे पनि यादवलाई बैठकमा उपस्थित सबै ६१ प्रदेशसभा सदस्यको मत प्राप्त भएको हो । जनता समाजवादी पार्टी (जसपा) संसदीय दलका नेतासमेत रहनुभएका मुख्यमन्त्री यादवलाई जसपा, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायत प्रदेशसभा सदस्यको समर्थन रहेको छ ।

गत माघ ८ गते सप्तरीको राजविराजस्थित मधेश कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा भएको झडपका विषयमा संसदीय छानबिन समितिको माग गर्दै जनमत पार्टीका प्रदेशसभा सदस्यले लगातार तेस्रो पटक नाराबाजीसहित विरोध गरेका थिए । दोस्रो पटक बैठकमा तनाव उत्पन्न हुँदा चार लाखभन्दा बढी लागतका सिसी क्यामेरा, माइक तथा टेबलुलगायतका सामग्रीमा क्षति पुगेको सभामुख मण्डलले सभालाई जानकारी दिनुभयो ।

पहिलो र दोस्रो पटक विरोध गर्दा केही समयका लागि बैठक स्थगित गरेका सभामुख मण्डले तेस्रो पटक विरोध गर्दा जनमत पार्टी प्रदेशसभा संसदीय दलका नेता महेशप्रसाद यादवलाई बैठक कक्षबाट बाहिर निकाल्न रुलिङ गुर्नभएको थियो । त्यसपछि जनमतका सबै प्रदेशसभा सदस्यले बैठक बहिष्कार गर्नुभयो ।

त्यसैगरी बैठक सञ्चालनको प्रक्रिया नमिलेको भन्दै कांग्रेस र प्रमुख प्रतिपक्षीलगायत दलका प्रदेशसभा सदस्यले बहिष्कार गरे पनि बैठक स्थगित नगरिएको जनाउँद लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पनि बैठक बहिष्कार गरेको थियो ।

# एन्फाका उपाध्यक्ष दावा लामा पक्राउ

काठमाडौँ, ५ वैशाख (रासस) ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अखिल नेपाल फुटबल सङ्घ ( एन्फा)का उपाध्यक्ष दावा लामा पक्राउ गरेको छ ।

लामालाई काठमाडौँबाट बुधबार पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “लामा दावा लागुऔषध खैरो हिरोइन कारोबार मुद्दामा उच्च अदालत पाटनबाट विसं २०६४ सालमा दोषी ठहर भई फरार थिए, बुधबार हाम्रो टोलीले पक्राउ गरेको छ ।”




# अब एक सातासम्मको मौसम पूर्वानुमान

काठमाडौँ, ५ वैशाख (रासस) ।

जल तथा मौसम विज्ञान विभागले अब एक सातसम्मको मौसम पूर्वानुमान गर्ने तयारी गरेको छ । विभाग अन्तर्गतको मौसम पूर्वानुमान माहाशाखाले हाल तीन दिनसम्मको मात्रै मौसम पूर्वानुमान गर्दै आएको छ ।

एक सातासम्मको मौसमी अवस्था जानकारी दिँदा मौसमजन्य विपतका घटना न्यूनीकरणमा सहयोग पुग्ने विभागको भनाइ छ । एक सातासम्मको मौसम पूर्वानुमान हुँदा किसानहरूलाई बाली लगाउन र भित्र्याउन सहज हुने अपेक्षा गरिएको छ ।

विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले एक सातासम्मको मौसमसम्बन्धी पूर्वानुमान गर्ने गरी छलफल अगाडि बढिरहेको बताउनुभएको छ । “अहिलेसम्म हामीले तीन दिन मौसम पूर्वानुमान गर्दै आइरहेका छौँ । यसको प्रभावकारिता पनि बढ्दै जान थालेपछि एक सातासम्मको पूर्वानुमानको तयारी गरिएको हो”, उहाँले भन्नुभयो । उहाँले विश्वव्यापी मोडलअनुसार अगाडि बढ्न प्राविधिक र वित्तीय स्रोतको अभाव भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर जान सकिने बताउनुभयो ।

मित्र राष्ट्रहरू र अन्य मौसमसम्बन्धी क्षेत्रीय सङ्गठनसँग सहकार्यका लागि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले मौसमसम्बन्धी एक सातासम्मको पूर्वानुमान गर्दा मनसुजन्य विपद्का घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । “मौसमसम्बन्धी एक सातासम्मको जानकारी दिँदा ठूलो धनजन र हानी नोक्सानी घटाउने छ विश्वास गर्न सकिन्छ । प्रत्येक वर्ष सर्वसाधरणहरूले बाढी र पहिरोबाट सम्पत्तिको नोक्सान बेहोर्नु परेको छ । सम्पत्तिको सुरक्षा गर्न प्रशस्त समय चाहिन्छ ।”




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*